# सामाजिक संवादका लागि सहकार्य (एएसडी)

'सामाजिक संवादका लागि सहकार्य' (एलाइन्स फर सोसल डायलग-एएसडी) नेपालका विभिन्न ठाउँमा भिन्न-भिन्न विषय र क्षेत्रमा क्रियाशील संस्था एवं व्यक्तिहरूबीच संवाद प्रक्रियाबाट सहकार्यको संस्कृति विस्तार गर्ने उद्देश्य लिएर सुरू भएको अभियान हो। लोकतान्त्रिक मूल्य र मान्यता प्रवर्द्धन गर्नु यसको मूलभूत उद्देश्य हो। यो उद्देश्य प्राप्त गर्नका निम्ति एएसडीले नेपाली समाजको सरोकारका समसामयिक विषयसँग सम्बद्ध विभिन्न पक्षबीच अन्तरक्रिया/बहस गर्दै, गराउँदै आएको छ।

मानवअधिकार, स्वतन्त्र सञ्चार र शिक्षाजस्ता सामाजिक महत्त्वका क्षेत्रमा काम गरिरहेका नेपाली सरोकारवालाहरूसँग सहकार्य गर्दै बौद्धिक संवादका लागि प्रयत्नरत रहनु एएसडीको ध्येय हो। यही ध्येयअनुरूप एएसडीले यी क्षेत्रमा काम गरिरहेका संस्था तथा व्यक्तिहरूबीच सहकार्य र संवाद बढाउन परामर्श, छलफल, अध्ययन र कार्यशाला गोष्ठीजस्ता कार्यक्रम सञ्चालन गर्दछ। यस्ता छलफलले उच्च प्राथमिकतामा राखेका विषयहरूमा नीतिगत र गहन प्रकृतिको संवाद अघि बढाउन अवधारणापत्र समेत प्रकाशन गर्ने गर्दछ।

नेपालको सङ्क्रमणकालीन राजनीतिक परिस्थितिमा लोकतान्त्रिक मान्यता र प्रक्रिया प्रवर्द्धन गर्ने क्रियाशील संघ-संस्था तथा व्यक्तिका प्रयास र गतिविधिहरूलाई सुदृढ तुल्याउन पनि 'एएसडी'ले सहयोग गर्छ। संविधानसभामार्फत नयाँ संविधान निर्माण सन्दर्भमा भिन्न-भिन्न पहिचान र फरक राजनीतिक विचारधाराहरूबीच स्वस्थ र सार्थक संवाद प्रवर्द्धन गर्ने कामलाई पनि एएसडीले प्राथमिकतामा राखेको छ। सामाजिक संवादका माध्यमबाट आम जनता र संविधानसभाबीचको दोहोरो सम्बन्ध र सम्पर्कलाई निरन्तरता दिन एएसडीले सहजकर्ताको भूमिका निर्वाह गर्दछ।

एएसडीले मानवअधिकार, स्वतन्त्र सञ्चार र शिक्षाका क्षेत्रमा सक्रिय रहेर लोकतन्त्र तथा खुला/स्वतन्त्र समाजको प्रवर्द्धनमा लागिपरेका संस्था तथा व्यक्तिहरूका बीचबाट नयाँ र सिर्जनशील विषयहरू पहिचान गरी आगामी दिनमा काम गर्न सकिने विषयहरूको प्राथमिकता निर्धारण गरेको छ। त्यस्ता विषयहरूमा काम गर्न चाहिने अनुदान रकम प्राप्त गर्न अन्तर्राष्ट्रिय स्तरका सहयोगी संस्थाहरूसँग सहकार्य गर्दै स्थानीय र अन्तर्राष्ट्रिय संस्थाहरूबीचमा सञ्जाल निर्माण गर्ने काम पनि अगाडि बढाइएको छ।

सरोकारवालाहरूसँगको छलफलका क्रममा प्राथमिकतामा परेका विषयहरूमा रचनात्मक कार्यक्रम सञ्चालन गर्न एएसडीले स्थानीय संघसंस्थाहरूलाई प्रेरित गर्छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका अवधारणा, नीति तथा कार्यक्रमहरूलाई सघाउ पुर्‍याउन सक्ने र स्थानीय स्तरमा देखिएका बाधा-व्यवधानहरू पहिचान गरी दिगो समाधान दिन सक्ने प्रकृतिका कार्यक्रमहरू सञ्चालन गर्नका लागि परियोजना प्रस्ताव तयार पारी अनुदान रकमका लागि आवेदन पेस गर्न पनि एएसडीले स्थानीय संघसंस्थाहरूलाई प्रोत्साहित गर्दै आएको छ।

आफ्ना क्रियाकलाप र कार्यक्रम सञ्चालन गर्न एएसडीले ओपन सोसाइटी इन्स्टिच्युट (ओएसआई) बाट आर्थिक सहयोग प्राप्त गरेको छ।

## सामाजिक संवादका लागि सहकार्य (एएसडी) को संरचना र कार्य प्रक्रिया

मानवअधिकार, स्वतन्त्र सञ्चार र शिक्षा क्षेत्रमा नेपालका विभिन्न ठाउँमा सक्रिय संस्था र व्यक्तिहरूलाई संवाद र सहकार्यमार्फत एएसडीले यो अभियानमा संलग्न गराउँदै आएको छ र यो क्रम भविष्यमा जारी रहनेछ। एएसडी विभिन्न क्षेत्रका सरोकारवालाहरूको संलग्नता रहने नीतिगत संवाद गर्ने साझा थलोका रूपमा रहनेछ।

एएसडी हाल अनौपचारिक स्वरूपमा सञ्चालित छ। यो अवस्था रहँदासम्म एएसडीको कार्यकारी अधिकार कार्यकारी समितिमा रहनेछ। कार्यकारी समितिमा कुनै पनि संस्थाका एकभन्दा बढी प्रतिनिधि रहने छैनन्। एएसडीसित संलग्न संस्था तथा व्यक्तिहरू पालैपालो कार्यकारी समितिमा छानिनेछन्। कार्यकारी समितिले 'एएसडी'को नियमअनुसार कार्यक्रमहरूको पहिचान र कार्यान्वयन गर्छ। नेपालको सामाजिक तथा जातीय विविधतालाई ध्यानमा राखी 'एएसडी'को परिषद् र कार्यकारी समितिमा सकेसम्म धेरै समूहहरूको प्रतिनिधित्व गराउने नीति अख्तियार गरिएको छ।

'एएसडी'को कार्यकारी समितिले प्राथमिकतामा राखेका क्षेत्रहरूमा उपसमिति र सचिवालयमार्फत कार्यक्रम सञ्चालन गर्छ। हाल एएसडीको सचिवालय सोशल साइन्स बहाः, बत्तीसपुतली, काठमाडौंमा रहेको छ। सचिवालयले नियमित व्यवस्थापकीय कामका अतिरिक्त संवादका लागि नेपालका विभिन्न स्थानमा भेला आयोजना गर्छ। यसबाहेक ओएसआईबाट नेपालमा परियोजना सञ्चालन गर्न प्रदान गरिने अनुदानका लागि परियोजना प्रस्ताव आह्वान गर्ने र सचिवालयमा प्राप्त भएका परियोजना प्रस्ताव मूल्याङ्कन गरी छनोट भएका प्रस्तावलाई ओएसआईमा पठाउने काम पनि गर्छ।

## एएसडीको लक्ष्य

क) लोकतान्त्रिक, समावेशी, समतामूलक, न्यायपूर्ण, शान्त र समृद्ध नेपालको निर्माणका लागि विवेकशील र सुसूचित संवादका प्रक्रियाबाट सहकार्यको संस्कृति विस्तार गर्ने मञ्चको रूपमा काम गर्नु,

ख) नेपालको विकासमा योगदान दिन सक्ने सचेत र सुसूचित नागरिक तयार गर्न मद्दत पुर्‍याउनु,

ग) नेपालको विद्वतवर्ग, सञ्चारमाध्यम र सामाजिक आन्दोलनको क्षेत्रलाई अझ बढी समावेशी र नेपाली समाजको प्रतिनिधिमूलक बनाउने,

घ) माथिका लक्ष्य हासिल गर्न समाजका विभिन्न क्षेत्रका व्यक्ति र संस्थासँग काम गर्नु।

## एएसडीको उद्देश्य

एएसडीको समग्र उद्देश्य लोकतान्त्रिक मूल्य-मान्यता र लोकतान्त्रिक मूल्य मान्यतायुक्त संस्थाको प्रवर्द्धन गर्ने लगायतका विविध विषयमा संवाद प्रवर्द्धन गर्नु हो। यसका खास उद्देश्यहरू निम्नबमोजिम छन्:

क) सामाजिक संवादलाई सामाजिक र राजनीतिक मामलामा आम सहभागिता अभिवृद्धि गर्ने साधनका रूपमा प्रवर्द्धन गर्नु,

ख) शिक्षा, मानवअधिकार, आमसञ्चार र राजनीतिक सङ्क्रमणका बारेमा अभिमुखीकरण कार्यक्रम, कार्यशाला, सम्मेलन र अनौपचारिक छलफल आयोजना गर्नु र यी विषयमा नीतिगत दस्तावेज प्रकाशन गर्नु,

ग) नेपाली समाजले भोगिरहेका समकालीन विषयमा नीतिगत संवादलाई सहजीकरण गर्ने मञ्च तयार गर्नु,

घ) विभिन्न तहको सम्पर्क र सहकार्यमार्फत स्थानीय स्तरका नौला प्रयासलाई सहयोग गर्नु,

ङ) राजनीतिक नेता, नागरिक समाज र सञ्चारमाध्यमलाई खुला समाजलाई सुदृढ बनाउन प्रोत्साहन दिनु,

च) नेपालमा ओपन सोसाइटी इन्स्टिच्युट (ओएसआई) बाट प्राप्त हुने अनुदानलाई सहजीकरण गर्ने परियोजनाको विश्लेषण, मार्गदर्शन र सिफारिस प्रदान गर्नु।

# ओपन सोसाइटी इन्स्टिच्युट (ओएसआई)

संयुक्त राज्य अमेरिकाको न्युयोर्क सहरमा मुख्यालय रहेको ओपन सोसाइटी इन्स्टिच्युट (ओएसआई) निजी स्तरबाट सञ्चालित अनुदान प्रदान गर्ने संस्था हो। ओएसआईको मुख्य उद्देश्य लोकतान्त्रिक शासनपद्धति र मानवअधिकारको प्रवर्द्धन गर्ने तथा आर्थिक, कानुनी र सामाजिक सुधारका लागि अनुकूल हुने सार्वजनिक नीति तय गर्न सहयोग पुर्‍याउनु हो। ओएसआईले संसारका विभिन्न स्थानमा कानुनी शासन, शिक्षा, जनस्वास्थ र स्वतन्त्र सञ्चारका क्षेत्रमा सहयोग पुर्‍याउने खालका थुप्रै क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ। यसै गरी यस संस्थाले विश्वका फरकफरक स्थानमा रहेर खुला र स्वतन्त्र समाजको प्रवर्द्धन गर्नेहरूबीचमा सहकार्य बढाउन पनि काम गरिरहेको छ।

जनसेवी/परोपकारी अमेरिकी नागरिक जर्ज सोरोसले आफ्नो निजी प्रतिष्ठान सोरोस फाउन्डेसनलाई सहयोग पुर्‍याउनका लागि सन् १९९३ मा ओएसआईको स्थापना गरेका हुन्।

ओएसआई कुनै पनि मुलुकमा आफ्ना नागरिकहरूप्रति जवाफदेही रहन गतिशील सरकार तथा उदार लोकतान्त्रिक पद्धति हुनुपर्दछ भन्ने मान्यता राख्दछ र त्यस्तो पद्धति निर्माण गर्ने प्रक्रियालाई सहयोग पुर्‍याउने काम गर्दछ। यसबाहेक ओएसआईले अल्पसङ्ख्यक तथा सीमान्तीकृत नागरिक र समुदायहरूको जीवनस्तर उकास्ने र उनीहरूको अधिकारको ग्यारेन्टी गर्ने कार्यहरूलाई प्राथमिकता दिने गरेको छ।

ओएसआई खुला/स्वतन्त्र समाजको प्रवर्द्धनबाट नै लोकतान्त्रिक मूल्य र संस्थाहरूको विकास हुन सक्दछ भन्ने मान्यता राख्दछ। ओएसआईका अनुसार खुला/स्वतन्त्र समाज भन्नाले कानुनी शासन, मानवअधिकार, अल्पसंख्यक र समाजमा रहेका भिन्नभिन्न विचारहरूको सम्मान, जनताद्वारा निर्वाचित सरकार, उदार अर्थव्यवस्था, सरकारको भूमिका र उसले प्रयोग गर्ने शक्तिलाई सन्तुलन गर्न सक्ने सचेत नागरिक समाजलाई जनाउँदछ।

## ओएसआईको गतिविधि सञ्चालन तथा कार्यान्वयन

ओएसआईले कुनै महत्त्वपूर्ण मुद्दा र सवालहरूलाई सम्बोधन गर्नका लागि तयार हुने कार्यक्रमहरूलाई क्षेत्रीय स्तरमा रहेका आफ्ना परियोजनाका माध्यमबाट वा विश्वका विभिन्न मुलुकहरूमा रहेका आफ्ना सञ्जालहरूमार्फत सञ्चालन गर्दै आएको छ। धेरैजसो क्रियाकलापहरू ओएसआई-न्युयोर्क, अमेरिका अथवा ओएसआई-बुदापेस्थ, हङ्गेरीबाट सञ्चालित भइरहेका छन्। त्यसै गरी कतिपय मुलुक र क्षेत्रहरूमा सोरोस फाउन्डेसनसँगको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गरिएका छन्।

ओएसआईले खुला/स्वतन्त्र समाजको विकासका लागि विश्वका विभिन्न मुलुकमा सबल नागरिक समाजको विकास, आर्थिक सुधार, कानुनी सुधार, शिक्षा, जनस्वास्थ्य, कला र संस्कृतिको विकास, मानवअधिकार, नागरिक प्रशासन सुदृढीकरण, स्वतन्त्र सञ्चारको विकासलाई सहयोग पुर्‍याउने गरी आफ्ना गतिविधिहरू सञ्चालन गर्दै आएको छ। ओएसआई मानवअधिकार, स्वतन्त्र सञ्चार र शिक्षा क्षेत्रलाई प्रवर्द्धन गर्नका लागि नेपालमा सहयोग गर्न इच्छुक रहेको छ। 'सामाजिक संवादका लागि सहकार्य (एएसडी)' सँगको सम्पर्कबाट ओएसआई नेपालमा अनुदान सहयोग गर्न लागिरहेको छ।

Open Society Institute
400 West 59th Street
New York, NY 10019, U.S.A.
Tel. 1-212-548-0600, Fax. 1-212-548-4600
www.soros.org

## Alliance for Social Dialogue (ASD)

Alliance for Social Dialogue was set up with an aim to promote dialogue within Nepal on a variety of issues, including but not limited to the promotion of democratic values and institutions in Nepal. ASD has been engaging with Nepali stakeholders in an effort to exercise intellectual leadership in important areas that promote an open society, such as education, human rights, and independent media.

ASD seeks to develop strategic partnerships and networks to facilitate discussion and dialogue of policy issues in contemporary Nepali society. It works towards enhancing the role of democratic civil society actors in consolidating the democratic process in an effort to foster an open society in this period of political transition.

ASD receives financial assistance from the Open Society Institute (OSI) to run its activities and programmes and it has been assisting OSI in the development of their funding priorities in Nepal. ASD has been conducting outreach activities through consultations, workshops, site visits, etc, in an effort to encourage local organizations to propose innovative ideas and submit proposals for funding in ASD's priority areas with the potential to advance concepts, policies and programmes and generate long-term solutions to local problems and challenges.

### Structure and Working Process of the ASD

Alliance for Social Dialogue is an unincorporated group of individuals consisting of Nepali social scientists, human rights activists, media persons and educationists with an intention of promoting democratic values that can lead towards a free and open society in Nepal. ASD conducts its activities with the backing of a Secretariat currently housed at the Social Science Baha (SSB), Kathmandu. The Secretariat has been providing administrative and organizational support to ASD, including but not limited to organizing meetings and workshops, and collecting and processing project proposals.

ASD is governed by a set of by-laws which provides for an Executive Committee of five individuals. It has been a priority of the ASD to ensure that both the ASD and its Executive Committee are representative of Nepal's social and ethnic diversity. ASD runs programmes through its thematic Sub-committees comprising of members of ASD and the Secretariat in areas identified by its Executive Committee.

### Mission of ASD

a) To be an open forum for reasoned and informed debate in order to contribute to building an open, democratic, inclusive, equitable, just, peaceful and prosperous Nepal;
b) To help create a more critically aware and better informed citizenry who will contribute to the development of Nepal;
c) To make academia, media and social activism more inclusive and representative of Nepali society; and
d) To work with socially diverse individuals and institutions in pursuit of the above goals.

### Objectives of ASD

The overall objectives of the ASD is to promote dialogue within Nepal on a variety of issues as reflected in its vision statement. In particular, ASD

a) Facilitates social dialogue as a means of promoting greater public participation in social and political affairs;
b) Organises orientation programmes, workshops, conferences and informal discussions on issues of education, human rights, media and political transition, and publishes policy documents on the same;
c) Creates a platform to facilitate policy debates on contemporary issues facing Nepali society;
d) Supports innovative local initiatives through different levels of networking and alliance building;
e) Encourages democratic actors, civil society and the media to take an active role in strengthening an open society; and
f) Facilitates grant-making by OSI in Nepal with respect to specific projects and initiatives by providing analysis, guidance, and recommendations with respect thereto.

## Open Society Institute (OSI)

The Open Society Institute works to build vibrant and tolerant democracies whose governments are accountable to their citizens. To achieve its mission, OSI seeks to shape public policies that assure greater fairness in political, legal, and economic systems and safeguard fundamental rights. On a local level, OSI implements a range of initiatives to advance justice, education, public health, and independent media. At the same time, OSI builds alliances across borders and continents on issues such as corruption and freedom of information. OSI places a high priority on protecting and improving the lives of people in marginalized communities.

Investor and philanthropist George Soros created OSI in 1993 as a private operating and grantmaking foundation to support his foundations in Central and Eastern Europe and the former Soviet Union. OSI has expanded the activities of the Soros foundation network to encompass the United States and more than 60 countries in Europe, Asia, Africa, and Latin America. Each Soros foundation relies on the expertise of boards composed of eminent citizens who determine individual agendas based on local priorities.

### OSI Initiatives

The Open Society Institute's initiatives address specific issue areas on a regional or network-wide basis around the world. Most of the initiatives are administered by OSI offices in New York, London, or Budapest and are implemented in cooperation with Soros foundations in various countries and regions.

OSI initiatives cover a range of activities aimed at building free and open societies, including grant making to strengthen civil society; economic reform; education at all levels; human rights; legal reform and public administration; media and communications; public health; and arts and culture.

To view a list of OSI initiatives, please visit www.soros.org/initiatives.

### OSI Offices and Programme Implementation Mechanism

OSI is based in New York City and cooperates with the Hungary-based OSI-Budapest. OSI-New York is exempt from United States income tax under section 501(c)(3) of the U.S. Internal Revenue Code. Together with OSI-Budapest, OSI-New York provides administrative, financial, and technical support to the Soros foundations. OSI-New York operates initiatives, which address specific issues on a regional or network-wide basis internationally, and other independent programs. OSI-New York is also the home of a series of programs that focus principally on the United States.

The Open Society Institute (OSI) of New York has been supporting Nepali organizations that are working towards creating open and democratic societies. Alliance for Social Dialogue has been facilitating the overall functioning of OSI's activities at the local level in Nepal.

Open Society Institute
400 West 59th Street
New York, NY 10019, U.S.A.
Tel. 1-212-548-0600, Fax. 1-212-548-4600
www.soros.org

Alliance for
Social Dialogue

# सामाजिक संवादका लागि सहकार्य (एएसडी)

एएसडी सचिवालय
सोशल साइन्स बहाः
पोस्ट बक्स नं. २५३३४, काठमाडौँ, नेपाल
फोनः ४४७२८०७, फ्याक्सः ४४६१६६९
asd@soscbaha.org
www.soscbaha.org/asd